नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार

**मेडिकल कलेजहरुले विद्यार्थीहरुसंग लिएको बढी रकम फिर्ता वा समायोजन गर्ने सम्बन्धी सूचना**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।५।३१ र २०७५।६।२८ को निर्णयमा तोकिए भन्दा बढी रकम निजी मेडिकल कलेजहरुले विद्यार्थीहरूसंग लिएको भएमा यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित निजी मेडिकल कलेजहरूले त्यसरी विद्यार्थीहरुसंग लिएको बढी रकम फिर्ता वा समायोजन गर्नु गराउनु हुन सूचित गरिएको छ ।सम्बन्धित निजी मेडिकल कलेजहरूले उक्त अवधि भित्र सो रकम फिर्ता वा समायोजन नगरेमा विद्यार्थी/अभिभावकहरूले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।६।२८ को निर्णयानुसार आफ्नो प्रमाण सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिने र सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उजुरी उपर कारवाही गर्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।